# हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : १९, २०८२ माघ ११ गते आइतवार ( 25 Janu. 2026 ) मूल्य रु. २०/-




नेपालले औपचारिक रूपमा कार्बन व्यापार सुरु गरेको छ । नेपालको ४६ प्रतिशत वन पैदावरमा संरक्षित कार्बन व्यापार सुरु भएको हो । विश्वबजारमा कार्बन व्यापारलाई औपचारिकता दिने एसियाको पहिलो मुलुक बनेको छ ।

## यो हिउँदमा हिजो शनिवार, पहिलो पटक हिमपात

सुस्केरा समाचारदाता

डोल्पा, माघ । पश्चिमी न्यून चापीय प्रणालीका कारण नेपालको पश्चिम क्षेत्र मा शुक्रबार साँझदेखि मौसम बदली भई धेरै जिल्लामा वर्षा र हिमपात भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार शुक्रबार साँझबाट सुरु भएको बदली शनिवार दिनभर नै कायम भएको थियो ।

यो बदलीले डोल्पामा पनि हिमपात भएको छ । हिमपातले डोल्पाका हिमालहरु यो हिउदको पहिलो हिउँ पाएका छन् । जसले गर्दा हिमालहरु सेताम्मे भएका छन् भने गाउँबस्तिहरुमा एक प्रकारको रमाइलो छाएको छ ।

हिमपातले डोल्पाको अधिकांश उच्च बस्तिहरुमा हिउँ जमेको छ । बेशीका बस्तिहरुमा थोरै भए पनि पानी परेको छ । बर्षाका कारण धुलोधुवा हटेर आकाश स्वच्छ देखिएको छ । शनिवार बिहानै तथा रातिदेखिनै हिमपात हुन सुरु गरे पनि हिमपात धेरै बेर भएन थोरै समय भएकाले हिउँ धेरै जम्न सकेन ।

वर्षा भने शनिवार अपराह्नबाटै रोकिएको छ । मौसम विज्ञान विभागका सूचना अधिकारी दिनकर कायस्थले मौसम बदली कमजोर बन्दै गएको बताउनु भयो । यद्यपि, छिटपुट रूपमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा सामान्य वर्षा र हिमपात आइतबारसम्म कायम रहने उहाँले जानकारी दिनु भयो ।

....... .. .पेज नं. ८ मा

## निर्वाचन आचारसंहितामा छलफल

सुस्केरा समाचारदाता

डोल्पा, माघ । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्नका लागि जारी गरिएको निर्वाचन आचारसंहिताको कडाइका साथ अनुगमन गरी उलंघन गनेलाई कारवाही गर्नु पर्ने आवाज उठेको छ ।

निर्वाचन आयोग नेपालले सबै राजनीतिक दलहरुको सहमतिमा जारी गरेको निर्वाचन आचारसंहिता २०८२ मा राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी तथा निर्वाचन टोली, सुरक्षा निकाय, उम्मेदवार, संचारकर्मी लगायतका सरोकारवालाहरुले आचारसंहिताको पूर्ण पालना गर्नु पर्ने पालना गरे नगरेको कडाईका साथ अनुगमन गरिनु पर्ने र निर्वाचन आचारसंहता उलंघन भएमा निर्वाचन आयोगले उम्मेदवारी समेत खारेज गनेसम्मको कडा कारवाही गरेमा निर्वाचन धेरै हदसम्म स्वच्छ, निष्पक्ष हुने धेरैले बताउने गरेका छन् ।

....... .. .पेज नं. ८ मा

## उम्मेदवार नै अर्को पार्टीमा प्रवेश

सुस्केरा समाचारदाता

डोल्पा, माघ । डोल्पामा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न पार्टीबाट उम्मेदवार बनेका उम्मदवार नै अर्को पार्टीमा प्रवेश गरेका छन् ।

निर्वाचन चिन्ह पाए पछि प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरु चुनावी प्रचार प्रसारमा जुटिसकेका छन् । चुनावी प्रचार प्रसारमा रहेका उम्मेदवारहरु आफ्नो पार्टी नै छाडेर अर्को पार्टीमा प्रवेश गरेका हुन् ।

यस क्रममा नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार बनेका कर्णबहादुर बुढाले प्रचार प्रसारका साथै अन्य उम्मेदवारहरुको समर्थन समेत लिने प्रयास गरिरहनु भएको छ ।

कर्णबहादुर बुढालाई मितेरी पार्टी नेपालका उम्मेदवार जुनु भण्डारीले शुक्रवारै समर्थन गरेर नेपाली काँग्रेस प्रवेश गरेको र शनिवार उज्यालो नेपाल पार्टीको तर्फबाट प्रतिनिधि

....... .. .पेज नं. ८ मा

## उम्मेदवारलाई चुनाव चिन्ह प्रदान

सुस्केरा समाचारदाता

डोल्पा, माघ । एउटा मात्र निर्वाचन क्षेत्र रहेको डोल्पामा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ९ वटाको उम्मेदवारी कायम भएको र शुक्रवार नै चुनाव चिन्ह प्रदान गरिएको छ । जस मध्ये कुनै पनि उम्मेदवार उपर उजुरी नपरेको र फिर्ता पनि नभएकाले उम्मेदवारी दर्ता गरेका सबैको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ ।

सबैको उम्मेदवारी कायम रहेको र सबैलाई शुक्रवार निर्वाचन चिन्ह प्रदान गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय दुनै डोल्पाका दामोदर पौडेलले जानकारी दिनु भयो ।

उहाँका अनुसार उम्मेदवार सबै उम्मेदवारहरुलाई चुनाव चिन्ह प्रदान गरि

....... .. .पेज नं. ८ मा

## रावा बैंकले स्थापना दिवस मनायो

सुस्केरा समाचारदाता

डोल्पा, माघ । नेपालमा रहेका विभिन्न वाणिज्य बैंकहरु मध्येको पूर्ण रुपमा सरकारी लगानी रहेको राष्ट्रिय वाणिज्य बैंकले आफ्नो ६१ औं वार्षिक उत्सव तथा स्थापना दिवस मनाएको छ । यही क्रममा राष्ट्रिय वाणिज्य बैंक दुनै शाखाले वार्षिक उत्सवको अवसरमा विभिन्न ग्राहकहरुलाई सम्मान गरेको छ ।

राष्ट्रिय वाणिज्य बैंकको ६१ औं स्थापना दिवसको अवसरमा राष्ट्रिय वाणिज्य बैंक दुनै शाखाले विविध कार्यक्रमहरु संचालन गरेर वार्षिक उत्सव मनाएको हो ।

वार्षिक उत्सवको अवसरमा आयोजित एक कार्यक्रममा दुनै शाखाका उत्कृष्ट नियमित ग्राहकहरु मध्ये ७ जनालाई प्रमाणपत्रले सम्मान गरिएको छ । कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक दुनै शाखाका प्रवन्धक अशोक राई ले ग्राहकहरुलाई प्रमाणपत्र प्रदान गरी सम्मान गर्नु भाएको थियो ।

कार्यक्रममा नेपाल बैंक डोल्पाका शाखा प्रवन्धक र कृषि विकास बैंक डोल्पाका शाखा प्रवन्धकहरु समेतको उपस्थिति रहेको थियो । कार्यक्रममा नियमित ग्राहकहरुलाई खादा र अबिर लगाई दिएर

....... .. .पेज नं. ८ मा

## निर्वाचन क्रान्तिकारीहरुका लागि संघर्षको मोर्चा हो

सुस्केरा समाचारदाता

काठमाडौं, माघ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले नेपाली राजनीतिमा निर्वाचन क्रान्तिकारीहरूका लागि संघर्षको एउटा मोर्चाका रूपमा व्याख्या गर्नु भएको छ ।

हिजो शनिबार पार्टीद्वारा आयोजित निर्वाचनसम्बन्धी प्रशिक्षण कार्यक्रममा बोल्दै महासचिव चन्दले निर्वाचन नजिकिँदै जाँदा देशभर तरंग पैदा भएको बताउनु भयो । उहाँले क्रान्तिकारी शक्तिहरू देशैभर संघर्षमा सहभागी भइरहेको र त्यसको अग्रभागमा बसेर नेतृत्व गर्ने जिम्मेवारी सबै कार्यकर्ताको भएको उल्लेख गर्नु भयो ।

उहाँले भन्नु भयो, 'नेपाली राजनीतिमा अहिले क्रान्तिकारीहरुका सामु निर्वाचन एउटा संघर्षको मोर्चाको रुपमा देखा परेको छ । मुखमै आइसकेपछि तरंगित जस्तो सपनासहित देशैभरी सहभागी भइरहेका छौं । विभिन्न ठाउँबाट संघर्ष गर्दैछौं । त्यसमध्येमा अग्रभागमा बसेर नेतृत्व गर्ने जिम्मा हामी सबैको हो ।'

उहाँले चुनाव हुन्छ कि हुँदैन भन्ने विषयमा पहिले बहस भए पनि अहिले त्यसमा टुंगो लागिसकेको धारणा व्यक्त गर्नु भयो । महासचिव चन्दले वर्तमान राजनीतिक अवस्था अत्यन्त उतारचढावपूर्ण रहेको उल्लेख गर्दै पार्टी स्पष्ट रूपमा निर्वाचनमा जान चाहँदा पनि विभिन्न बाधा देखिएको बताउनु भयो । राज्य र जनताको बीचको संघर्ष, शक्ति केन्द्रहरूबीचको लुछाचुडी, हस्तक्षेप, ध्रुवीकरण र तानातानका कारण पार्टी र राज्यबीच पनि

....... .. .पेज नं. ८ मा

### यो हिउँदमा हिजो ... ....

विभागका अनुसार पछिल्ला २४ घण्टामा सबैभन्दा बढी जाजरकोटमा २९ मिलिमिटर र डडेलधुरामा २८ दशमलव आठ मिलिमिटर वर्षा भएको छ। यो मध्यम वर्षा हो।

यस्तै, दार्चुलामा १७ दशमलव आठ, बैतडीमा २६, डोटीमा २०, बझाङमा १६ दशमलव दुई, कञ्चनपुरमा नौ दशमलव चार, अछाममा १२ दशमलव छ, कालीकोटमा १९ दशमलव चार, दैलेखमा १४ दशमलव तीन, जुम्लामा १२ दशमलव सात, मुगुमा १२ मिलिमिटर, डोल्पामा १३ दशमलव पाँच मिलिमिटर वर्षा भएको विभागको अभिलेखमा उल्लेख छ।

विभागका अनुसार बागलुङ, स्याग्दी, रुकुमपूर्व, रोल्पा, दाङ बाँके, बर्दिया, सुर्खेत, गुल्मीलगायत जिल्लामा पनि हल्का वर्षा र हिमपात भएको छ।

शनिवार साँझ सार्वजनिक गरिएको बुलेटिनमा हाल नेपालमा न्यून चापीय प्रणालीको प्रभाव कायम रहेकाले कोशी, मधेश र बागमती प्रदेशलगायत बाँकी पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लागिरहेको छ।

शनिवार राति देशका उच्च पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ। कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको जनाइएको छ।

यस्तै, आइतबार देशका उच्च पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ।

कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ।

पूर्वी तथा मध्य तराई भू-भागका थोरै स्थानमा बिहानीपख हुस्सु रहने जनाइएको छ।

थोरै भए पनि शनिवारको हिमपात र वर्षा भए पछि किसानहरुमा एक प्रकारको खुसि छाएको छ। पानी नपरेर निसार जस्ता किसानहरुको अनुहारमा छुट्टै चमक देखिएको पाइन्छ। वर्षा भए पछि वातावरण पनि सफा बनेको छ र स्वच्छ देखिएको छ।

### काँग्रेस विशेष .. ..... ......

संघर्ष देखिएको उहाँको भनाइ थियो। उहाँले भन्नु भयो, 'चुनाव हुन्छ की हुँदैन भन्ने एउटा बहस थियो अहिले एकदमै टुंगो लागिसक्यो। मान्छे हेने हो भने काठमाडौंमा तरंग नै छ। यहीँ अवस्थामा हामी पनि निर्वाचनमा सहभागी हुने कि नहुने भन्दाभन्दै निर्वाचनमा जानका लागि कार्य विभाजन गरेर आएका छौं। अहिले एकदमै उतारचढावको अवस्था छ। स्पष्ट ढंगले निर्वाचनमा जान चाह न्थ्यौं तर राज्य र जनताको बीचको संघर्ष विभिन्न शक्ति केन्द्रबीचको लुछाचुडी, हस्तक्षेप, ध्रुवीकरण, ताना तान र त्यसपछि हाम्रा पार्टी र राज्यकोबीचको पनि संघर्ष। यस्ता संघर्षहरु देखा परे। त्यसले निर्णयहरु नै संक्रमणकालिन तरिकाले गर्नुपर्ने अवस्थामा आइपुग्यौं। नेपाल राज्य नै एउटा संक्रमणमा छ।'

यस्ता परिस्थितिका कारण निर्णयहरू संक्रमणकालीन रूपमा गर्नुपर्ने अवस्था आएको भन्दै उहाँले नेपाल राज्य नै अहिले संक्रमणको चरणमा रहेको टिप्पणी गर्नु भयो।

### रावा बैंकले ....... ..... .....

सम्मान गरिएको थियो।

वार्षिक उत्सव कार्यक्रममा शाखा प्रवन्धक राई र ग्राहक तथा कारागार शाखा डोल्पाका प्रमुख दिर्घराज आर.सी.ले संयुक्त रुपमा केक काटेर वार्षिक उत्सवलाई रमाइलो बनाउनु भएको थियो। वार्षिक उत्सव कार्यक्रममा केक, चिया नास्ताको व्यवस्था गरिएको जनाइएको छ।

यसका साथै वार्षिक उत्सवका अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत सशस्त्र प्रशरी बल दुनै र जिल्ला प्रहरी कार्यालय दुनैमा वित्तीय साक्षरता कार्यक्रम यस अघि नै सम्पन्न गरिएको पनि राष्ट्रिय वाणिज्य बैंक दुनै शाखाका प्रवन्धक राईले जानकारी दिनु भयो।

चियापान कार्यक्रम पछि सामुहिक फोटो खिचाउदै रमाइलो गरिएको जनाइएको छ। वार्षिक उत्सवको अवसरमा ग्राहकहरुलाई शाखा प्रवन्धक राईले धन्यवाद दिनु भएको थियो। कार्यक्रममा ग्राहकहरुले सेवा राम्रो रहेको र केही कमिकमजोरी भए बैंक आफैले सुधार गर्नु पर्ने विचार राखेका थिए। सेवा सुधारको अपेक्षा गरिएक अनुसार हुने बैंकका प्रवन्धकले प्रतिवद्धता जनाउनु भयो। कार्यक्रम राष्ट्रिय वाणिज्य बैंक दुनै शाखाको कार्यालयमा भएको थियो।

### उम्मेदवार नै अर्को ..... ....

सभा सदस्यको उम्मेदवार बनेका दिलबहादुर बिष्टले पनि नेपाली काँग्रेसका उम्मेदवार कर्णबहादुर बुढालाई समर्थन गर्दै आफ्नो उम्मेदवारी निष्क्रिय राख्नुका साथै नेपाली काँग्रेस प्रवेश गरेको नेपाली काँग्रेस डोल्पाका सचिव हिक्मत बहादुर शाहीले सामाजिक सञ्जाल मार्फत जानकारी दिनु भएको छ।

सचिव शाहीका अनुसार चुनावी प्रचार प्रसारलाई शुक्रवारबाटै सुरु गरिएको र प्रचार प्रसार कार्यलाई जिल्लाका सबै गाउँबस्तिमा पुग्ने गरी तिब्र पारिए को छ।

आ आफ्नो पार्टीबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेको र उनीहरुले उम्मेदवारी फिर्ता लिने समय बिति सकेकाले उहाँहरुले आफ्नो उम्मेदवारी निष्क्रिय राख्दै नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार बनेका कर्णबहादुर बुढाको प्रचार गर्ने जनाउनु भएको छ।

### उम्मेदवारलाई .. .... ....

एको छ। चुनाव चिन्हमा नेपाली काँग्रेसलाई रुख, नेकपा(एमाले)लाई सुर्य, नेपाली कम्युनिष्ट पार्ट(नेकपा)लाई पाँचकुने तारा, राप्रपालाई हलो, मितेरी पार्टी नेपाललाई घोडा, उज्यालो नेपाल पार्टीलाई बलिरहेको चिम, प्रलोपालाई खुलेको एकल आँखा, रास्वपालाई घण्टी र स्वतन्त्र उम्मेदवार ओमेन्द्र के.सी.लाई प्रेसरकुकर रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले जनाएको छ।

जस अनुसार नेपाली काँग्रेसका कर्णबहादुर बुढाले रुख, नेकपाका उम्मेदवार धन बहादुर बुढाले पाँचकुने तारा, नेकपा(एमाले)का उम्मेदवार लंक बहादुर रोकायले सुर्य, उज्यालो नेपाल पार्टीका उम्मेदवार दिल बहादुर बिष्टले बलिरहेको चिम, प्रगतिशिल लोकतान्त्रिक पाटीका उम्मेदवार विकास बुढाले खुलेको एकल आँखा, राष्ट्रिय पजान्त्र पाटिका हरि प्रसाद डाँगीले हलो, मितेरि पार्टी नेपालका जुनुभण्डारीले घोडा, राष्ट्रिय स्वतन्त्र पार्टीका देवसिंह ऐडीले घण्टी र स्वात न्त्र उम्मेदवार ओमेन्द्र केसीले प्रेसर कुकर निर्वाचन चिन्ह पाएका छन्। चुनाव चिन्ह पाएसंगै सबै उम्मेदवारहरु चुनावि प्रचारप्रसार र मतदाता भेटघाटमा सक्रिय भैरहेको चुनावी प्रचारमा जुटेको जनाइएको छ।

### निर्वाचन आचारसंहितामा .....

साधारण मतदाताले मतदान गर्नका लागि भयरहित वातावरण नहुने हो भने चाहेको उम्मेदवार भन्दा फरक तथा नचाहेको उम्मेदवारले जित्न सक्ने अवस्था आउन सक्छ, जनताले चाहेको उम्मेदवारले मत नपाउने वातावरण बन्नु हुँदैन।

मतदाताहरुले भय रहित वातावरणमा आफैले आफ्नो मत मतपेटीकामा खसाल्न पाउने वातावरण निर्वाचन आयोगले बनाउनु पर्ने डोल्पाका उम्मेदवार, पत्रकार र सरोकारवालाहरुले बताउनु भएको छ।

डोल्पाको माथिल्लो भेगमा मतदाता आफैले मतदान गर्न नपाएको गुनासो आउने गरेकाले यो पटकको निर्वाचनमा शे फोक्सुण्डो गाउँपालिका, डोल्पोबुद्ध गाउँपालिका, छार्का तांगसोंग गाउँ पालिका र काइके गाउँपालिकाका मतदान केन्द्रहरुमा मतदाता आफैले भोट खसाल्न नपाउने तथा सबै भोट केही व्यक्तिहरुले खसाउने गरेको भन्ने सुनिने गरेकाले यस प्रकारको निर्वाचन वातावरण यस पटक आउन नदिन र मतदाताहरुले आफैले मतदान गर्ने वातावरण तयार गर्न जिल्ला प्रशासन कार्यालय डोल्पामा गएको बुधवार भएको अन्तर्क्रियाका सहभागिहरुले बताउनु भएको जनाइएको छ।

## सहिदप्रति सम्मान गरौं

❖सहिद राष्ट्रिय गौरव हुन्।
❖सहिदको बलिदान र योगदानको स्मरण गरौं।
❖सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं।
❖सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं।
❖देश प्रेम र एकताको भावना जागृत गराऔं।
❖सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं।

सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# चुनावी महाअभियान

यतिबेला नेपाल चुनावी महायात्रामा होमिएको छ । सबैतिर चुनवा लागेर चुनावी चर्चा बाहेक अरु केही देखिदैन । सबैतिर चुनावी वातावरणको अवस्था देखिन्छ । तर पनि अझै आशंका भने गर्न सकिने अवस्था कायमै रहेको नेताहरुकै बोलीले प्रष्ट पारेको पाइन्छ । चुनावको पहिलो खुट्किलो राष्ट्रियसभा निर्वाचन रहेको छ । किनकी आज राष्ट्रियसभाको काली सिटका लागि मतदान हुँदैछ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख उपप्रमुख र प्रदेशसभा सदस्यहरु मतदाता रहने राष्ट्रियसभा निर्वाचन सात प्रदेशको केन्द्रहरुमा हुने गर्दछ । हरेक २, २ वर्षमा एक तिहाई सदस्यहरुको समयावधी सकिने र निवार्चन हुने गर्दछ । ६ वर्षको कार्यकाल हुने राष्ट्रियसभा सदस्यका लागि मतभारका आधारमा निर्वाचन हुने गर्दछ । राष्ट्रिसभा सदस्य निर्वाचनमा सायद आजै मतपरिणाम आउन सक्ने, नभए भोलीसम्म मतपरिणम आउन सक्छ । यस पटकको राष्ट्रियसभा सदस्य निर्वाचनमा नेपाली काँग्रेस, नेकपा(एमाले) र जसपा मिलेर उम्मेदवारी दिएका छन् । बेइमानि नभए आज निर्वाचन हुने १८ वटै सिटमा नेपाली काँग्रेस, एमाले र जसपा गठबन्धनका उम्मेदवार बिजयी हुने छन् ।

यसका साथ साथै देश निर्वाचनमय कसरी भएको मान्ने हो त ? भन्ने प्रश्न उठ्न सक्छ किनकी देश यति बेला बिघटिथ प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि देश होमिएको छ । राजनीतिक तथा स्वतन्त्र उम्मेदवारहरु चुनावी मैदानमा उत्रेका छन् । मिश्रित प्रणालीबाट प्रतिनिधिसभा सदस्य छानिने निर्वाचन प्रणाली अनुसार देशभर एउटा निर्वाचन क्षेत्र रहने गरी समानुपातिक निर्वाचनका लागि राजनीतिक दलहरुले निर्वाचन आयोगमा बन्द सुचि पेश गरिसकेका छन् । त्यो बन्द सुचि अनुसार निर्वाचनमा भाग लिने ५८ वटा राजनीतिक दल निर्वाचन आयोग नेपालमा दर्ता भएको र ती राजनीतिक दलहरु चुनावी मैदानमा उत्रन्छन् । यस प्रणालीबाट १ सय १० जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुने छन् भने प्रत्यक्ष निर्वाचन प्रणाली तर्फ १ सय ६५ जना प्रतिनिधिसभा सदस्य प्रत्यक्ष मतदान बाट प्रतिनिधिसभा सदस्य निर्वाचत हुने व्यवस्था रहेको छ ।

जस अनुसार नेपालमा प्रत्यक्ष तर्फ १ सय ६५ सिट प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन प्रक्रिया अघि बढेको छ । यो प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत गएको मंगलवार १ सय ६५ सिट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता भएर अस्ति शुक्रवार उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन भएर चुनाव चिन्ह समेत प्रदान भै सबै उम्मेदवारहरुलाई चुनावी मैदानमा जान निर्वाचन आयोग नेपालले अनुमति दिइसकेको छ । निर्वाचनको प्रक्रियामा अघि बढ्ने क्रममा अधिकांश उम्मेदवारहरु शुक्रवारबाटै चुनावी प्रचार प्रसारमा होमिएका छन् । चुनावी अभियानका क्रममा निर्वाचन आयोगले तोकेको निर्वाचन आचारसंहिता भित्र रहेर निर्वाचनको प्रक्रियामा सामेल हुनु पर्ने बाध्यात्मक अवस्था रहेको छ । यसका साथै उम्मेदवारहरुले घरदैलो तथा मतदाता भेटघाट कार्यक्रममा धेरै उम्मेदवारहरु गैसकेको सबैले जनाएका छन् ।

## के मिलन हुनु गलत होला र ?

पुरुषेत्तम लोहनी
रातोपाटीबाट

यदि मिलन हुनु भ्रष्ट हो भने,
टुटेफुटेको, कसरी स्पष्ट हुन्छ होला र,
हामी मिलेको असली, अरू जोडिएको अप्राकृतिक,
कसरी भन्न मिल्छ होला र,

कुन उद्देश्यले मिलन वा बिछोड भएको,
केही समयमा जानकारी नहुने, गोप्य कुरा नै, के होला र,
स्वार्थ पूरा गर्ने, बाहाना मात्र हो भने,
पानी तताएर, कहिले बाक्लो हुन्छ होला र,

एकता नै बल हो भन्ने प्रमाणित मन्त्र,
सायद नबुझ्ने मानिस को होला र,
यदि बोली र व्यवहारमा उतारेको भए,
समाज र विश्वमा अशान्ति किन वृद्धि हुन्थ्यो होला र,

मानिस सामाजिक प्राणी हो भन्ने,
मूल मन्त्र नसुन्ने संसारमै को होला र,
तैपनि समाज, देश र विश्वमा,
द्वन्द्व भड्काएर के पुरस्कार प्राप्त होला र,

जोड्न खोज्दा, तोड्न आउने मानिस,
हरेक समाजमा किन नहोला र,
कर्म पवित्र भए, ढिलो वा चाँडो,
अवश्य उत्तीर्ण नहुने को होला र,

सिद्धान्तका कुरा र सुनेको भरमा,
गफ दिन नजान्ने आजकाल सोझो को होला र,
प्रमाणित गरेर देखाउनुहोस्,
पछि लाग्ने भिड वा ताली नपड्काउने को होला र,

मिलनसार स्वभाव संसारमै उत्कृष्ट
मानिसको पहिचान होइन र?
आफ्नो पहिचान उल्लङ्घन गर्दा,
समाज, देश र अर्को पुस्ताले के सिक्छ होला र,

मिलन र वियोगको परिभाषा
आफू अनुकूल व्याख्या गर्न कसरी मिल्छ होला र,
यो देश हामी सबैको साझा फूलबारी हो,
सबैजना मिली बनाउँदा
मिलन हुनु कुन नजिरले गलत होला र?

## गजल

सरिता जोशी
गोरखापत्रबाट

.... ऊ मान्छे हो कति नै टाढिएर हिँड्न सक्ला
डोजर लगाएपछि भिर पनि त मैदान हुन्छ

म हारेको हुँदै होइन जित्न नसकेको मात्र हो
जून पनि यहाँ पूर्णिमाको रातमा जवान हुन्छ

बाँचुन्जेल न हुन् कसैका महल कसैका टहरा
मरेपछि सबैको प्रिय घर त उही चिहान हुन्छ ।

## देश जनताबाट सुरु हुन्छ

गोविन्द शृंखला
रातोपाटीबाट

देश कुनै झण्डाको रङ होइन
न कुनै भाषणमा पटक-पटक दोहोरिने शब्द
देश त
माटोमा मिसिएको पसिनाको इतिहास हो
जनताको स्पन्दन अनि सास हो ।
देश भनेको
भोकले सिकाएको धैर्य हो
अन्यायले जन्माएको मौन हो ........

खेलकुद

# झिल्टुंग दौडमा च्याम्पियन

सुस्केरा समाचारदाता

काठमाडौं, माघ । त्रिभुवन आर्मी क्लबमका अर्जुन बुढा र नेपाल एपि एफ क्लबकी फुलमती रानाले १० औँ झिल्टुङ क्रस कन्ट्री दौडको उपाधि जित्नुभएको छ ।

शनिबार भएको खुलातर्फ १३.४ किलोमिटर दूरीको पुरुषमा अर्जुन र महिलामा फुलमती च्याम्पियन बन्नुभएको हो । अर्जुनले निर्धारित दूरी ५१ मिनेट ५७.८ सेकेन्डमा पूरा गर्नुभयो ।

ताप्लेजुङका रमेश लिम्बू दोस्रो र रुकुमका ठकेन्द्र शर्मा तेस्रो हुनुभयो । महिलामा फुलमतीले निर्धारित दूरी तय गर्न १ घण्टा ८ मिनेट ५ सेकेन्ड समय खर्चिनुभयो । आर्मीकी राज्य लक्ष्मी रावल दोस्रो एपिएफकी सुशिला महत तेस्रो हुनुभयो ।

बेलकोटगढी नगरपालिका, नुवाकोटद्वारा आयोजित प्रतियोगिताको स्थानियको जुनियर यु-१६ छात्र ४.५ किलोमिटरमा आशिष तामाङ र छात्रामा सिलसिला कुँवरले स्वर्ण जित्नु भयो ।

स्थानियतर्फ भेट्रान ४५ वर्षमाथि चन्द्रमान श्रेष्ठ श्रेष्ठ आमा समूहको ४.५ किलोमिटरमा सनिता श्रेष्ठ र भेट्रान पुरुष खुलाको १३.४ किलोमिटरमा धर्म महर्जनले स्वर्ण जित्नुभयो ।

जुनियर यु-१८ छात्रको ४.५ किलोमिटरमा बादल कार्की र छात्रामा प्रनिशा कार्की पहिलो, स्थानियको पुरुष १३.४ किलोमिटर दूरीमा विमल थापामगरले बाजी मार्नुभयो ।

विजेतालाई निवर्तमान सांसद् विमला सुवेदी, बेलकोटगढकी नगरपालिकाका मेयर जगतबहादुर गुरुङ, उपमेयर शिव दाहाल, बेलकोटगढी नगर

# राजनीतिक सहिष्णुता

- नारायण ज्ञवाली

...... सहिष्णुताकै आधारमा टिकेका छन् । जहाँ सहिष्णुता कमजोर हुन्छ, त्यहाँ बहुमतको दमन र अल्पमतको मौनता बढ्छ । जसले अन्ततः अधिनायकवादी प्रवृत्तिलाई प्रश्रय दिन्छ । सहिष्णुताले सत्ता परिवर्तनलाई शान्तिपूर्ण र स्वीकार्य बनाउँछ । सहिष्णु मन नौनीभन्दा कोमल हुन्छ । यस सन्दर्भमा राजनीतिक नेतृत्वको भूमिका निर्णायक हुन्छ । नेताको बोली र व्यवहारले समाजलाई दिशा दिन्छ । असहिष्णु र उत्तेजक भाषा प्रयोग गर्ने नेतृत्वले समाजमा विभाजन बढाउँछ । त्यसैले नेताहरूले आलोचनालाई सम्मान गर्ने, विपक्षीलाई दुश्मन नभई लोकतन्त्रको अनिवार्य अङ्ग ठान्ने संस्कार स्थापित गर्नु पर्छ । यो संस्कार पछिल्लो पुस्ताका लागि सिकाइ पनि हो ।

मिडिया, नागरिक समाज र सामाजिक सञ्जाल प्रयोगकर्ताको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ । सनसनी होइन सन्तुलन, घृणा होइन संवाद र अपमान होइन सम्मानसँगै आलोचनालाई प्राथमिकता दिन सके मात्र सहिष्णु राजनीतिक संस्कारको विकास हुन्छ । राजनीतिक सहिष्णु संस्कारले मात्र समाजमा मेलमिलाप र रूपान्तरण गर्न सकिन्छ । साच्चै भन्ने हो भने राजनीतिक सहिष्णुता कुनै वैकल्पिक गुण होइन, यो सभ्य राजनीति र दिगो लोकतन्त्रको आधार हो । विचार फरक हुन सक्छन् तर लक्ष्य साझा हुनु पर्छ-राष्ट्रको समृद्धि, जनताको कल्याण र लोकतन्त्रको मजबुती । आजको आवश्यकता आरोप र द्वन्द्व होइन, संवाद, आत्ममूल्याङ्कन र राजनीतिक सहिष्णुता हो ।

राजनीतिक असहिष्णुता भनेको फरक विचार, विचारधारा वा राजनीतिक मतलाई स्वीकार नगर्ने, विरोधी लाई शत्रुका रूपमा हेर्ने प्रवृत्ति हो । यस्तो प्रवृत्तिले समाजमा गहिरो नकारात्मक असर पार्छ । सबैभन्दा पहिला राजनीतिक असहिष्णुताले सामाजिक एकता कमजोर बनाउँछ । एउटै समाजका मानिसहरू राजनीतिक आस्थाका आधारमा विभाजित हुँदा आपसी विश्वास घट्छ, सहकार्यको भावना हराउँछ र समाज टुक्रिन थाल्छ । परिवार, छिमेक र समुदायभित्रै वैमनस्यता बढ्नु यसको प्रत्यक्ष परिणाम हो । दोस्रो, यसले हिंसा र द्वन्द्वको सम्भावना बढाउँछ । असहिष्णु व्यवहारले संवादको ढोका बन्द गरिदिन्छ र असहमतिको समाधान बहस र छलफलबाट नभई बल, धम्की र दमनबाट खोज्ने प्रवृत्ति बढ्छ । यसले सामाजिक शान्ति र सुरक्षा जोखिममा पार्छ । तेस्रो, राजनीतिक असहिष्णुताले लोकतान्त्रिक मूल्य कमजोर पार्छ । अभिव्यक्ति स्वतन्त्रता, विचारको बहुलता र सहिष्णुता लोकतन्त्रका आधार हुन् । फरक मतलाई सम्मान नगर्ने संस्कृतिले नागरिकको आवाज दबाउँछ र सशक्त लोकतन्त्रको विकासमा अवरोध पुऱ्याउँछ । अन्ततः यसले विकास र समृद्धिलाई पनि प्रभावित गर्छ । राजनीतिक द्वन्द्व र अस्थिरताले शिक्षा, स्वास्थ्य, अर्थतन्त्र र सामाजिक सेवामा नकारात्मक असर पार्छ । समय र स्रोत विकासभन्दा झगडा र विरोधमा खर्च हुन्छन् । राजनीतिक असहिष्णुताबाट जोगिन सहिष्णुता, संवाद र पारस्परिक सम्मानको संस्कृतिलाई बलियो बनाउनु आवश्यक छ । फरक विचारलाई सुन्ने, बहस गर्ने र समाधान खोज्ने अभ्यासले मात्र समाजलाई शान्त, समावेशी र समृद्ध बनाउन सकिन्छ । लोकतान्त्रिक समाजको ... (गोपबाट)

संस्कृति, कला, बाल संशार



दुनै डोल्पामा राष्ट्रिय बाँणिज्य बैंकको ६१ औं वार्षिक उत्सव मनाइदै ।

# निर्वाचनसँगै चहलपहल बढ्यो

सुस्केरा समाचारदाता

डोल्पा, माघ । हिउदमा प्राय सुनसान रहने डोल्पाको सदरमुकाम दुनै बजारमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता संगै चहलपहल बढेको छ ।

यति बेला दुनै बजारमा मानिसहरुको ओहोर दोहोरले निकै चहलपहल बढेको अनुभव हुने गरेको स्थानीयहरु बताउनु हुन्छ ।

मानिसहरुको चहलपहल बढेसँगै व्यापार पनि बढेको व्यापारीहरु बताउनु हुन्छ । बजारमा होटेल व्यवसाय गरेर बस्नेहरुले यति बेला नास्ता, चिया, खाना र बासले व्यापार बढेको हो । दैनिक व्यापार बढेसँगै व्यापारीहरु हिउँदमा जिल्ला वाहिर जाने तयारी भए पनि चहलपहल र व्यापार बढेपछि नगएको धेरै व्यापारीहरुले जनाएका छन् ।

निर्वाचनका लागि उम्मेदवारी दर्ता र निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन प्रहरी भर्ना छनोटका कारण पनि दुनै बजारमा मानिसहरुको उपस्थिति बाक्लो देखिएको जनाइएको छ ।

आउने फागुन महिनाको २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी दर्ता हिजो मंगलवार सम्पन्न भएको छ । उम्मेदवारसँगै राजनीतिक दलका नेता कार्यकर्ता र उम्मेदवारहरुका समर्थकहरुको उपस्थितिले चहलपहल बढेको हो । मानिसहरुको चहलपहल निर्वाचन सम्पन्न हुन्जेल हुने गर्दछ ।

निर्वाचन चहलपहल बढेर व्यापार बढेकोमा खुसि भए पनि होटेल व्यवसायीहरुको व्यापार उधारो हुने भन्दै केही निराश पनि देखिन थालेका छन् । निर्वाचनका लागि सदरमुकाम दुनै केन्द्रित रहेका राजनीतिक दलका नेता कार्यकर्ताहरुले उम्मेदवारको नाममा लेखाउने र पछि भुक्तानी नहुने हो की भन्ने चिन्ता पनि थपेको छ ।

## सामान्य ज्ञान १९

१. एसिसी यु-१९ एसिया कप, २०२५ को उपाधि विजेता राष्ट्र कुन हो ?

☐ पाकिस्तान

- उपविजेता : भारत
- सञ्चालन मिति : सन् २०२५ डिसेम्बर १२-२१
- आयोजक राष्ट्र : युएई
- सहभागी राष्ट्र : ८
- सेमिफाइनलमा पुग्ने राष्ट्र : भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश
- सर्वाधिक रन बनाउने : समीर मिन्हास, पाकिस्तान (४७१ रन)
- सर्वाधिक विकेट लिने : दिपेश देवेन्द्रन, भारत (१४ विकेट)
- प्लेयर अफ दी टुर्नामेन्ट : समीर मिन्हास, पाकिस्तान
- प्लेयर अफ द म्याच (फाइनल) : समीर मिन्हास, पाकिस्तान

२. हुन त दुनिया दुःखले भरिएको छ तर त्यसबाट मुक्ति पाउने कुराले पनि भरिए को छ । भन्ने भनाइ कसको हो ?

☐ हेलन केलर

३. कानुनले तोकेबाहेक कागजातमा हुलाक टिकट टाँस्नैपर्ने व्यवस्था हटाउने निर्णय कहिले भएको हो ?

☐ विसं २०८२ मङ्सिर २९

- प्रचलित कानुनमा व्यवस्था भएको बाहेक सेवा प्रवाह प्रक्रियामा कागजको आधिकारिकताका लागि हुलाक टिकट अनिवार्य टाँस गर्नुपर्ने प्रचलन हटाउने निर्णय भएको ।

# राष्ट्रिय एकताको साझा संकल्प

- डा.मिलनकुमार थापा(गोपबाट)

..... दायित्व पनि हामीसामु छ । राष्ट्रनिर्माण पृथ्वीनारायण शाहले भनेझैं 'चार जात ३६ वर्णको साझा फूलबारी' नेपालीलाई अझै परिस्कृत र सम्पन्न बनाउने अठोट लिनु पर्छ । राष्ट्रलाई बलियो बनाउने सूत्र नै राष्ट्रियता र राष्ट्रिय एकता हो । त्यसैले आन्तरिक एकता र सुशासनमार्फत देश र नागरिकका आकाङ्क्षा सम्बोधन गर्नु छ । हामी अब निष्क्रिय भएर बस्ने समय छैन । नेपालले अब 'बफरजोन' बाट आफूलाई विकासको पुलमा रूपान्तरण गर्न सक्नै पर्छ तर यो पुल बन्ने प्रक्रियामा कसैको छाता भित्र पस्नु हुँदैन, कसैको भरोसामा बस्नु पनि हुँदैन । सामरिक सुरक्षाको पहिलो सर्त अर्थतन्त्रको सबलपन हो । जबसम्म नेपालले आफ्नै स्रोतसाधनको बलमा खुट्टा टेक्दैन, तबसम्म बाह्य अनुदान र ऋणसँगै आउने सर्तले हाम्रो सार्वभौमिकतालाई थिचिरहने छ ।

पृथ्वीनारायण शाहले असली हिन्दुस्थानको परिकल्पना गर्दा यो केवल धार्मिक कुरा थिएन, बरु दक्षिण बाट आउन सक्ने वैचारिक र सांस्कृतिक उपनिवेशविरुद्धको एउटा मनोवैज्ञानिक पर्खाल थियो । अहिलेको सन्दर्भमा यो हाम्रो मौलिक पहिचानको रक्षासँग जोडिएको छ । त्यसैले धार्मिक एवं मौलिक सांस्कृतिक सम्पदा र सम्पन्नतामार्फत समुन्नतिको जग बसाल्नेतर्फ लाग्नु पर्छ । नेपालको भूराजनीतिक नियति बदल्न सकिँदैन तर यसको व्यवस्थापन पक्कै गर्न सकिन्छ । पृथ्वीनारायण शाहले देखाएको बाटो भनेको डरको बाटो होइन, सतर्कता र स्वाभिमानको बाटो हो । सत्ता र राजनीतिक नेतृत्वले विदेशी शक्तिको सामरिक गोटी बन्नुभन्दा उहाँका दिव्यदर्शनलाई आधुनिक कूटनीतिको औजार बनाउनु आवश्यक छ । राष्ट्रिय हितलाई केन्द्रमा राखेर गरिने मौन तर दृढ कूटनीति नै नेपालको अस्तित्व रक्षाको एक मात्र विकल्प हो ।

सङ्कल्प गरौँ- हामी देश बनाउँछौँ

जेनजी जो प्रविधि र भूमण्डलीकरणको तीव्र लहरमा हुर्किएको छ । जेनजीले दिव्योपदेशको मर्मलाई आधुनिक सन्दर्भमा पुनर्व्याख्या गर्नु अपरिहार्य छ । पृथ्वीनारायण शाहले आफ्नो अन्तिम समयमा व्यक्त गरेका अनुभवसिद्ध विचारको सँगालो 'दिव्योपदेश' केवल एक ऐतिहासिक दस्तावेज मात्र होइन, यो नेपालको भूराजनीति, अर्थतन्त्र र समाजशास्त्रको एक शाश्वत सूत्र हो भन्ने कुरा आत्मसात् गर्नु जरुरी छ । नेपालको आत्मनिर्भरता र कूटनीतिक सन्तुलनको मूल मर्म 'नेपाल दुई ढुङ्गाबिचको तरुल हो' भन्ने उहाँको यथार्थबाट नै गुज्रिएको छ । यसले भौगोलिक अवस्थितिसँगै दुई विशाल अर्थतन्त्र र विचारधाराका बिचमा कसरी आफ्नो अस्तित्व र विशिष्टता जोगाउने भन्ने कुरालाई इङ्गित गरेको छ । दिव्योपदेश अहिलेको व्यापार घाटा न्यूनीकरण र स्थानीय उत्पादन प्रवर्धनको प्रारम्भिक अवधारणादेखि 'सबै जातको फूलबारी' को अर्थ समावेशी राज्यप्रणालीको अवधारणा थियो, जो अहिलेको लोकतान्त्रिक गणतन्त्रमा सबैको पहिचान र प्रतिनिधित्वको सुनिश्चितताको जग हो भन्ने कुरा आत्मसात् गर्नु जरुरी छ ।

जेनजी सूचनाको हक, व्यक्तिगत स्वतन्त्रता र विश्वव्यापी अवसरको खोजीमा छ । यो पुस्तामा परम्परागत राजनीतिप्रति वितृष्ण छ तर देशको समृद्धिका लागि भोको छ । जेनजीले पृथ्वीनारायण शाह र उहाँको दिव्योपदेशको राष्ट्रवादलाई केवल सिमानासँग मात्र जोड्नु हुँदैन । बरु दिव्योपदेशको आत्मनिर्भरताको आर्थिक दृष्टिकोणलाई सफ्टवेयर, नवीनता र विश्वबजारमा नेपाली ब्रान्डको उपस्थितिसँग जोड्नु पर्छ । यो पुस्ताले केवल एकपक्षीय भक्तिमा विश्वास गर्नु हुँदैन । यसले दिव्योपदेशलाई पनि किन र कसरी भन्ने तर्कको कसीमा राखेर अहिलेको विज्ञानको विकाससँग जोडेर हेर्न जान्नु र सक्नु पर्छ । नेपालका राजनीतिक दल र सरकारले दिव्योपदेशलाई केवल पुज्ने मात्र होइन, यसलाई नीतिगत तहमा रूपान्तरण गर्न आवश्यक छ । दलहरूले केवल वैदेशिक सहायता र रेमिट्यान्समा आधारित अर्थतन्त्रको साटो स्थानीय कच्चा पदार्थ र प्रविधिमा आधारित उद्योगको नीति

## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

काइके गाउँपालिका, डोल्पा

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

# विपन्न समुदायमाथि वित्तीय घात, कर्जा दुरुपयोग

- रमेश कुमार बोहोरा

नेपालका बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य निक्षेप ७४ खर्ब रुपैयाँको हाराहारीमा छ । यो रकम मुलुकको कुल गार्हस्थ उत्पादनभन्दा धेरै बढी हो । अहिले चलायमान हुने समय कुरेर २५ खर्बभन्दा बढी रुपैयाँ बसिरहे को छ । अथाह निक्षेप जम्मा भैरहँदा लगानी प्रवाहमा आएको न्यूनताले बैकिंग जगतमा हलचल मच्चिएको छ । नेपाल राष्ट्र बैंकले हप्तैपिच्छे र कम खिचिरहेको छ । कर्जा प्रवाह हुने सम्भावना न्यून भैरहँदा अर्को तथ्य पनि बाहिरिएको छ कि प्रवाहित कर्जा कुन वर्गमा बढी भयो ।

बैंकहरुबाट ५० खर्ब रुपैयाँ हाराहारी मा कर्जा प्रवाह गरेका छन् । तर, पछिल्ला वर्षहरूमा बैंक तथा वित्ती य संस्थाबाट विपन्न वर्गतर्फ प्रवाह हुने कर्जा निरन्तर घट्दै गएको तथ्य बाहिरिनु गम्भीर संकेत हो । अर्थतन्त्र सुधार हुँदै गएको तथ्यांकले निराशा हुन नदिए पनि विपन्न समुदायमा प्रवाहित हुने कर्जा घट्दै जानु सामा जिक असन्तुलनको अर्को दृश्य बाहिरिनु हो ।

५० खर्ब रुपैयाँ नाघिसकेको कर्जा प्रजाहको विशाल संरचनाभित्र समाजको सबैभन्दा कमजोर वर्गका लागि छुट्याइने हिस्सा भने क्रमशः सानो बन्दै गएको छ । यसले केवल बैंकिङ नीतिमाथि मात्र होइन समग्र आर्थिक संरचना, समावेशी विकासको दिशा र राज्यका प्राथमिकतामाथि समेत गम्भीर प्रश्न खडा गर्छ । रा ष्ट्र बैंककै तथ्याङ्कले देखाउँछ- चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले कुल कर्जाको औसतमा ५.३६ प्रतिशत मात्र विपन्न वर्ग क्षेत्रमा विस्तार गरेका छन् । संख्यात्मक रूपमा हेर्दा कुल ५६ खर्ब ३३ अर्ब ४६ करोड रुपैयाँ कर्जा प्रवाह हुँदा विपन्न वर्गमा पुगेको कर्जा दुई खर्ब ७४ अर्ब ६४ करोड रुपैयाँमा सीमित छ ।

यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३ अर्ब ३५ करोड रुपैयाँले कम हो । प्रतिशतमा हेर्दा ०.८१ प्रतिशतको गिरावट सानो दे खिए पनि यसको सामाजिक र आर्थिक प्रभाव अत्यन्तै गहिरो छ । किनकि यो गिरावट त्यस्तो वर्गसँग गाँसिएको छ । जसको उत्पादन, उपभोग र रोजगारी को सम्भावना कर्जासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । अझ गहिरिएर हेर्दा यो समस्या केवल चालु वर्षमा मात्र सीमित छैन । गत आर्थिक वर्षमा कुल कर्जा ५२ खर्ब ८० अर्ब २८ करोड रुपै याँ हुँदा विपन्न वर्गमा ६.१७ प्रतिशत अर्थात् दुई खर्ब ९७ अर्ब ९९ करोड रुपैयाँ प्रवाह भएको थियो ।

त्यसको तुलनामा अहिले कुल कर्जा बढ्दा पनि विपन्न वर्गको हिस्सा घट्नुले बैंकिङ प्रणालीभित्र प्राथमिकताको पुनःक्रमांकन भइरहेको स्पष्ट संकेत दिन्छ । जोखिम मूल्याङ्कन, नाफामुखी रणनीति र नियामक दबा बको सन्तुलनले विपन्न वर्गलाई क्र मशः परिधितर्फ धकेल्दै लगेको दे खिन्छ ।

बैंकरहरू यसको कारण अर्थतन्त्रको सुस्ततालाई देखाउँछन् । माग घटे को छ, लगानीको वातावरण कमजोर छ, व्यवसाय विस्तारमा छैनन् भन्ने तर्क उनीहरूको छ । तर यही तर्कको अर्को पाटो पनि उत्तिकै महत्वपूर्ण छ । जब अर्थतन्त्र सुस्त हुन्छ, सबैभन्दा पहिले र सबैभन्दा गहिरो असर विपन्न वर्गमै पर्छ । यस्तो अवस्थामा बैंकिङ प्रणालीले उल्टै उनीहरूलाई सम्हाल्ने भूमिका खेल्नुपर्ने हो । तर व्यवहार मा भने जोखिमबाट जोगिने नाममा बैंकहरू सुरक्षित ग्राहक र ठूला परि योजनातर्फ केन्द्रित हुँदै गएका छन् । यसले बैंकिङ क्षेत्रको सामाजिक उत्तर दायित्वलाई औपचारिक कागजमा सीमित बनाइदिएको छ ।

वाणिज्य बैंकहरूको तथ्याङ्कले यो प्रवृत्तिलाई अझ स्पष्ट बनाउँछ । चालु आर्थिक वर्षको पहिलो चार महिनामा वाणिज्य बैंकहरूले ५० खर्ब ९ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् । तर यसमध्ये विपन्न वर्गमा पुगेको हिस्सा ५.२८ प्रतिशत अर्थात् दुई खर्ब ३९ अर्ब २३ करोड रुपैयाँ मात्र हो । यो गत वर्षको सोही अवधिको तुलनामा १५ अर्ब ९४ करोड रुपैयाँले कम हो । गत वर्ष यही अवधिमा वाणि ज्य बैंकहरूले कुल कर्जाको ५.९८ प्रतिशत विपन्न वर्गमा लगानी गरे का थिए । यहाँ प्रश्न प्रतिशत घटेको मात्र होइन, बैंकिङ प्रणालीले आफ्नो विस्तारको फल कुन वर्गलाई बाँडिरहे को छ भन्ने हो ।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल लगायत केही बैंकका प्रमुख कार्यकारी अधिकृत भने विपन्न वर्ग कर्जामा ध्यान दिइरहेको दाबी गर्छन् । नीति अनुसार कर्जा विस्तार भइरहेको र राष्ट्र बैंकको निर्देशन पालना भइरहे को उनीहरूको भनाइ छ । तर समग्र तथ्याङ्कले व्यक्तिगत दाबीभन्दा फरक कथा सुनाउँछ । यदि नीति कार्यान्वयन प्रभावकारी हुन्थ्यो भने प्रणालीगत स्तरमै यस्तो गिरावट देखिनु पर्ने थिएन । यसले नियमन र व्यवहारबीचको खाडललाई प्रस्ट पार्छ । विकास बैंक र फाइनान्स कम्पनीहरूको अवस्था पनि उत्साहजनक छैन । विकास बैंकहरूले चालु आर्थिक वर्षको पहिलो चार महिनामा पाँच खर्ब २१ अर्ब १६ करोड रुपैयाँ कर्जा प्रवाह गर्दा विपन्न वर्गमा ६.११ प्रतिशत अर्थात् ३१ अर्ब १७ करोड रुपैयाँ मात्र प्रवाह गरेका छन् । गत वर्ष यही अवधिमा यो अनुपात ७.७६ प्रतिशत थियो । फाइनान्स कम्पनीहरूको हकमा त गिरावट अझ तीव्र छ । कुल कर्जाको ५.३८ प्रतिशत मात्र विपन्न वर्गमा गएको छ, जुन गत वर्षको ७.१९ प्रतिशतको तुलनामा उल्लेखनीय गिरावट हो । यी तथ्याङ्कहरूले देखाउँछन् कि समस्या कुनै एक प्रकारको संस्थामा सीमित छै न, यो समग्र बैंकिङ संरचनाको साझा प्रवृत्ति बनिसकेको छ ।

बैंकरहरूले अर्को तर्क पनि अघि सार्छन् विपन्न वर्ग कर्जाको सीमा कम छ, प्रक्रिया झन्झटिलो छ र जोखिम उच्च छ । उनीहरू कर्जाको सीमा १० लाख रुपैयाँसम्म बढाउनुपर्ने सुझाव दिन्छन् । यो सुझाव आफैंमा गलत हो इन । तर सीमा बढाउनु मात्र समाधा न होइन । मूल प्रश्न कर्जा किन उत्पादनशील क्षेत्रमा रूपान्तरण हुन सकेको छैन भन्ने हो । किन कर्जाले ग्रामीण रोजगारी, साना उद्यम र कृषि मूल्य शृङलालाई मजबुत बनाउन सकेको छैन । यसको पछाडि वित्तीय साक्षरता, बजार पहुँच, बीमा व्यवस्था र प्राविधिक सहयोगको अभाव पनि उत्तिकै जिम्मेवार छन् ।

यही सन्दर्भमा बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल-२०८२ को प्रतिवे दन महत्वपूर्ण देखिन्छ । कार्यदलले ' ग्रामीण क्षेत्रमा राष्ट्र बैंक' कार्यक्रम सुरु गर्न सुझाएको छ । गभर्नर स्वयं ग्रामीण क्षेत्रमा पुगेर कर्जाको माग, आर्थिक सम्भावना र बैंकिङ सेवाको वास्तविक अवस्था बुझ्ने प्रस्ताव के वल प्रतीकात्मक होइन । यसले नीति निर्माणलाई कागजी विश्लेषणबाट बाहिर ल्याएर जमिनको यथार्थसँग जोड्ने सम्भावना बोकेको छ । तर यस्तो कार्यक्रम प्रभावकारी हुन राज नीतिक इच्छाशक्ति र संस्थागत निर न्तरता अनिवार्य छ ।

विपन्न वर्ग कर्जा घट्नुको प्रभाव के वल बैंकिङ तथ्याङ्कमा सीमित रहँदै न । यसले ग्रामीण अर्थतन्त्र सुस्त बनाउँछ, अनौपचारिक साहुकार प्रणालीलाई बलियो बनाउँछ र आर्थिक असमानतालाई थप गहिरो बनाउँछ । जब बैंकिङ प्रणालीले विपन्न वर्गलाई पर्याप्त रूपमा समेट्न सक्दैन, तब उनीहरू उच्च ब्याजदर, अनौपचारिक ऋण र ऋणको दुष्चक्रमा फस्न बाध्य हुन्छन् । यसको दीर्घकालीन असर सामाजिक स्थायित्व र आर्थिक वृद्धिमा प्रत्यक्ष रूपमा देखिन्छ । नेपालको अर्थतन्त्र संरचनागत रूपमा उपभो गमुखी छ । विपन्न वर्गको आम्दा नी बढे मात्र आन्तरिक माग बलियो हुन्छ । आन्तरिक माग कमजोर रहँदा उद्योग, सेवा र उत्पादन क्षेत्र चला यमान हुन सक्दैनन् । त्यसैले विपन्न वर्ग कर्जा केवल सामाजिक न्यायको विषय होइनस यो समग्र आर्थिक पुनरुत्थानको आधार हो । तर हालको प्रवृत्तिले बैंकिङ प्रणाली अल्पकालीन नाफा र न्यून जोखिमको घेराभित्र सीमित हुँदै गएको देखाउँछ ।

यहाँ नियामकको भूमिकामाथि पनि प्रश्न उठ्छ । राष्ट्र बैंकले प्रतिशत तोकेको छ, निर्देशन दिएको छ । तर त्यसको प्रभावकारी अनुगमन कति छ । कागजमा लक्ष्य पूरा देखाएर वास्तविक लाभ नपुग्ने अवस्थालाई कसरी नियन्त्रण गरिएको छ । विपन्न वर्ग कर्जाको नाममा कर्जाको वर्गीकरण मिलाएर देखाउने प्रवृत्ति कति छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ । खो जमूलक पत्रकारिताले यहींबाट प्रवे श गर्नुपर्छ । अर्थतन्त्रको स्वास्थ्य के वल जीडीपी वृद्धिदरले मात्र मापन हुँदै न । यसको वास्तविक सूचक भनेको समाजको सबैभन्दा कमजोर तहमा कति अवसर पुगे भन्ने हो । बैंकिङ प्रणाली आधुनिक अर्थतन्त्रको मेरुदण्ड हो । यदि यही मेरुदण्डले विपन्न वर्गलाई बोकेन भने विकासको भार सन्तुलित हुँदैन । पछिल्ला वर्षहरूमा देखिएको विपन्न वर्ग कर्जाको गिरा वट कुनै आकस्मिक घटना होइन । यो नीति, व्यवहार र प्राथमिकताको संयुक्त परिणाम हो ।

अब प्रश्न समाधानतर्फ जान्छ । के बैंकहरूलाई मात्र दोष दिएर समस्या हल हुन्छ ? सम्भवतः हुँदैन । यहाँ रा ज्य, नियामक, बैंक, स्थानीय तह र स्वयं नागरिक सबैको साझा भूमिका छ । कर्जा लिन सहज बनाउने प्रक्रिया, वित्तीय साक्षरता, बीमा र बजारको सुनिश्चितता बिना कर्जा विस्तार


## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं

जाडो तथा चिसोको समयमा :

-मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमो निया, झाडापखाला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।

-बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्

-चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं,

-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं,

-शारीरिक व्यायाम गरौं, धुम्रपान मद्यपान नगरौं,

-घर तथा कोठा न्यानो बनाऔं,

-नियमित घाम ताप्ने गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

# मतदाता शिक्षा लोकतन्त्रको उर्जा

- डा.मधुसुधन न्यौपाने

जेनजी आन्दोलनको प्रभाव स्वरूप सङ्घीय चुनाव नजिकिँदै जाँदा मतदाता शिक्षाले निर्णायक भूमिका खेल्ने छ । मतदाता शिक्षाले नै चुनावी परिणामलाई वास्तविक आकार दिनका लागि उत्प्रेरक भूमिका निर्वाह गर्न सक्छ । हाम्रो परिवेशमा राजनीतिक सङ्क्रमण, सङ्घीय पुनर्संरचना र शासन व्यवस्थाको चुनौतीका रूपमा मतदाता शिक्षा केवल साक्षरता र औपचारिक शिक्षासँग मात्र सम्बन्धित विषय होइन । यसले समग्रमा आम जनतालाई राजनीतिक जागरूकता, संवैधानिक समझ, आलोचनात्मक तर्क र नागरिक जिम्मेवारीबोध गराउँछ । आगामी पाँच वर्षका लागि सरकारको नेतृत्व र स्वरूपले बोकेको राजनीतिक दर्शन अनुरूप देश विकासको योजनाबारे बुझ्न आम मदतातालाई सचेत बनाउनु पर्छ । पाँच वर्षका लागि राजनीतिक नेतृत्वका कारण आउन सक्ने चुनौतीका सम्बन्धमा नागरिकलाई सचेत बनाउने हुनाले यसले सम्पूर्ण चुनावी परिणाममा नै उथलपुथल ल्याइ दिन सक्छ । नेपालको विगतको चुनावी अनुभवबाट यहाँको लोकतन्त्रप्रतिका दार्शनिक दृष्टिकोणलाई समेत एकीकृत गर्दै निर्वाचन आयोगबाट हुने मतदाता शिक्षाले चुनावलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने पक्का छ ।

लोकतन्त्रको आधारस्तम्भ

दार्शनिक दृष्टिकोणबाट हेर्दा पनि मतदाता शिक्षा र लोकतन्त्रको आधारभूत मान्यताबिच निश्चित आधारभूत सम्बन्ध देखिन्छ । यस सम्बन्धमा अध्ययन गर्दा शास्त्रीय मान्यता अनुसार लोकतान्त्रिक सिद्धान्तकार जोन स्टुअर्ट मिलले सन् १८५९ मा आफ्नो पुस्तक 'अन लिबर्टी मा कन्सिडरेसन अन रिप्रिजेन्टेटिभ गभर्मेन्ट' मा लोकतन्त्रको गुणस्तर सुधार्न सूचित र शिक्षित मतदाताको महत्वमा जोड दिएका छन् । उनले नागरिकले राम्रोसँग चुनावका बारेमा जानकारी राखेर मात्र मतदान गर्न सक्नु पर्छ भनेका छन्, जसको अर्थ देशमा सुशासनका लागि सूचित र शिक्षित मतदाता आवश्यक छ भन्ने नै हो । मतदाता शिक्षाले मतदातामा व्यक्तिगत निर्णय लिने क्षमताको विकास गर्छ । यसले नागरिकलाई हेरफेरको सट्टा योग्यताको आधारमा प्रतिनिधि छनोट गर्न सक्षम बनाउँछ । यस सम्बन्धमा, जिन ज्याक्स रुसोले नागरिक शिक्षालाई लोकप्रिय सार्वभौमिकताको मेरुदण्ड मानेका छन् । सन् १७६२ मा उनले आफ्नो पुस्तक 'इमिली र अन एजुकेसन' मा मतदाता शिक्षालाई लोकतान्त्रिक

सार्वजनिकताका रूपमा जोड दिएको पाइन्छ, जस अनुसार नागरिकले जिम्मेवारीपूर्वक स्वतन्त्रता प्रयोग गर्न 'सामान्य इच्छा' बुझ्नुपर्ने भनिएको छ ।

सन् १९९९ मा आफ्नो पुस्तक 'डिभलपमेन्ट एज फ्रिडम' मा अर्का राजनीतिशास्त्री अमर्त्य सेनले आधुनिक राजनीतिक सिद्धान्तका रूपमा कक्षताको दृष्टिकोणले मतदाता शिक्षा लाई व्यक्तिहरूको मौलिक स्वतन्त्रता विस्तार गर्ने माध्यमको रूपमा परिभाषित गरेका छन् । जसमा उनले मतदाता शिक्षालाई मौलिक स्वतन्त्रताका र शिक्षाका रूपमा चुनावमा लागु गर्दा शिक्षित मतदातासँग नीतिगत विकल्पको मूल्याङ्कन गर्ने, नेताहरूको जाँच गर्ने र लोकतान्त्रिक प्रक्रियामा अर्थपूर्ण रूपमा भाग लिने क्षमता बढी हुने विचार राखेका छन् । यसरी शिक्षाले मतदानलाई कर्मकाण्डीय कार्यबाट सचेत राजनीतिक नेतृत्वको छनोट गर्ने प्रक्रियामा रूपान्तरण गर्छ । नेपालको सन्दर्भमा यस विषयलाई हेर्दा यहाँको लोकतन्त्रबाट आमनागरिक विशेष गरी यसबाट समग्रमा फाइदा लिन चाहने अपेक्षाकृत युवावर्गको सङ्ख्या बढी छ । समय समयमा सडकमा पोखिने युवाका आवाज र आक्रोशलाई बारम्बार अधिनायकवादी शैलीमा अवरोध गरिएको छ । त्यसैले पनि यी दार्शनिक चिन्तन नेपालको वर्तमान अवस्थामा बढी नै प्रासङ्गिक देखिन्छ । सङ्घीय लोकतन्त्रको सफलता संवैधानिक डिजाइनमा मात्र नभई नागरिकको संज्ञानात्मक र नैतिक मूल्यमा पनि निर्भर हुन्छ ।

नेपालमा मतदाता शिक्षा

यस परिप्रेक्ष्मा हेर्दा नागरिक र राजनीतिक शिक्षा नेपालमा मतदाता शिक्षालाई संविधान, सङ्घीय संरचना, निर्वाचन कानुन, नागरिकको ज्ञान, अधिकार र कर्तव्यका रूपमा प्राथमिकता दिइएको पाइन्छ । मतदाता शिक्षालाई आम सञ्चार माध्यम, सामाजिक सञ्जाल, विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमार्फत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा देशैभर फैलाउनु पर्छ । मतदाता शिक्षा मतदान को प्रक्रिया र विधिसँग सम्बन्धित हुन्छ । नेपालमा हाल औपचारिक साक्षरता दरमा उल्लेखनीय सुधार भएको कारणले पनि यहाँ जनसङ्ख्याको दुई तिहाइभन्दा बढी नागरिक राजनीतिक रूपमा अझै परिपक्व भइसकेका छैनन् । धेरै मतदाताले मतपत्र पढ्न सक्छन् । दलको घोषणापत्र, सङ्घीय क्षमता र नीतिगत प्रभावको व्याख्या गर्न सक्षम देखिँदैनन्, फलस्वरूप शासनसत्तामा कमजोर नेतृत्व मात्र हाबी भएको विगतको हाम्रो अनुभव छ । मतदाता शिक्षामा रहेको यो खाडलको प्रत्यक्ष परिणाम चुनावी व्यवहारमा समेत भर पर्छ । नेपालमा विगतका सङ्घीय, प्रान्तीय र स्थानीय चुनावका अनुभवलाई हेर्दा मतदाता शिक्षालाई चुनावी परिणामसँग समेत जोडेर हेरिएको छ ।

मुद्दामा आधारित नेतृत्व छनोट

विशेष गरी सहरी र अर्धसहरी क्षेत्रमा रहेका शिक्षित मतदाताको माग भनेकै भ्रष्टाचार नियन्त्रण, आर्थिक व्यवस्थापन, सार्वजनिक सेवाको समुचित वितरण र संस्थागत जवाफदेहिता जस्ता शासनसँग सम्बन्धित मुद्दालाई प्राथमिकताका रूपमा लिने प्रवृत्ति देखिएको छ । हालैका चुनावमा वैकल्पिक र स्वतन्त्र उम्मेदवारको उदयले समेत यो प्रवृत्ति प्रस्ट परेको देखाउँछ । यी मतदाताले परम्परागत पार्टीका सम्बन्धमा शुसासन कायम गर्न नसक्ने, कमजोर प्रदर्शन गर्ने, पदाधिकारीलाई दण्ड दिने र गलत कार्यलाई पुरस्कृत गर्ने सम्भावना बढी देखिन्छ। यसको विपरीत केही मात्रामा पहिचानको विषयका कारणले समेत मतदाता शिक्षामा आधारित नागरिकको चेतनाको स्तर प्रायः पहिचानमा आधारित मतदानसँग सम्बन्धित देखिन्छ । जातीयता, स्थानीयता, संरक्षक-ग्राहक सम्बन्ध ....... (गोपबाट)


कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
बागवानी विकास केन्द्र
जुफाल, डोल्पा

प.सं.:-२०८२/०८३
च.नं.:- ७१

सुचिकृत/कार्यक्रम माग पेशको निवेदन आव्हानको सुचना
(प्रथम पटक प्रकाशित मिति २०८२/१०/०२)

बागवानी विकास केन्द्र, डोल्पाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएकाले यस कार्यालयमा सुचिकृतको लागि सम्बन्धित क्षेत्रका इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनि/उधमी/व्यवसायीहरूले यो सुचना प्रकाशित भएको मितिले १५ दिन(२०८२/१०/१६) भित्र तोकिएको ढांचामा यस कार्यालयमा निवेदन पेस गर्न हुन आव्हान गरिन्छ।

तपसिल

| क.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रु | अनुदान | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १. | फार्म नजिकको समुदायमा मोडेल स्याउ बगैचा स्थापना। | १००००००/- | अधिकतम ५०% | १)तिन वर्षको विस्तृत व्यावसायिक कार्य योजना।<br>२)स्याउ बगैचाको लागि प्रति बगैचा बिरुवा संख्या १००० र उच्च घनत्व स्याउ बगैचाको लागी प्रति बगैचा ३००० बोट हुनुपर्ने।<br>३) बगैचा स्थापनाको लागी कम्तिमा हावापानी प्राविधिक हिसाब्ले उपयुक्त र सिंचाइको श्रोत सुनिश्चित हुनुपर्नेछ। | |

नि.केन्द्र प्रमुख

"व्यावसायिक र सिर्जनशील प्रशासन :विकास समृद्धि र सुशासन"
Email: hdcdolpa@gmail.com
Cont_No.: 087-551046 / office 087551076

# ज्ञानको ज्योति फैलाउने पर्व

- बोधनाथ पौडेल

सरस्वती माता ज्ञान-विज्ञान, कला-शिल्प, सङ्गीतकी देवी हुन् । हिन्दु संस्कृतिमा माघ शुक्ल पञ्चमीमा श्रीपञ्चमी पर्व मनाइन्छ। यस पर्वलाई सरस्वती पञ्चमी एवं वसन्तपञ्चमी पनि भनिन्छ । यस पर्वको दिन विद्याकी अधिष्ठात्री देवी सरस्वतीको जन्मजयन्तीको रूपमा देशभरिका सरस्वती मन्दिरमा पूजा, उपासना र निम्न स्तुति पाठ गरेर सम्झन्छौँ, 'शुक्लां ब्रह्म विचार सार परमांमाद्यां जगद्व्यापिनीं । वीणा पुस्तक धारिणीमभयदां जाड्यान्धकारापहाम् । हस्ते स्फटिक मालिकां विदधतीं पद्मासने संस्थितां । वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ।' अर्थात् सुन्दर, स्वच्छ वस्त्र धारण गर्नुभएकी, ब्रह्ममयी शक्तिरूपिणी, सर्वत्र व्याप्त, वीणा र पुस्तक हातमा लिनुभएकी, अभय मुद्रामा स्थित भई अज्ञानरूपी अन्धकार हटाउने, अक्षर ब्रह्मको स्वरूप एक हातमा स्फटिक माला धारण गर्नुभएकी, कमलमा पद्मासनमा विराजमान् बुद्धिदायिनी भगवती सरस्वती मातालाई प्रणाम अर्पण गर्छु । यसरी विधि-विधानपूर्वक पूजा गर्नाले विद्या, वाणी र प्रसिद्धिको आशीर्वाद प्राप्त हुने विश्वास गरिन्छ ।

## वसन्तपञ्चमी पर्व

प्राकृतिक रूपमा वर्षका बाह्र महिनालाई छ वटा ऋतुमा बाँडिएको छ । जेठ-असारमा ग्रीष्म, साउन-भदौमा वर्षा, असोज-कात्तिकमा शरद्, मङ्सिर-पुसमा हेमन्त, माघ-फागुनमा शिशिर र चैत-वैशाखमा वसन्त ऋतु पर्छन् । यसरी ऋतुहरूको क्रमिक विभाजन गरिए अनुसार वसन्तपञ्चमी पर्व चैत महिनामा पर्नुपर्ने हो । किन माघ शुक्ल पञ्चमीमा पर्छ भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । पुराणकर्ताले रोचक कथाको परिकल्पना गरेको पाइन्छ । जस अनुसार एक पटक पाँच वटा ऋतु मिलेर स्वेच्छाले आफ्ना राजा वसन्तको अभिनन्दन गरे । उक्त अभिनन्दनमा आआफ्नो अवधिबाट आठ दिन उपहारस्वरूप ऋतुराज वसन्तलाई अर्पण गरे । यसरी पाँच वटा ऋतुबाट अर्पित आठ आठ दिन जोड्दा ४० दिन हुन जान्छ । अतः चैतकृष्ण प्रतिपदाभन्दा ४० दिनपूर्व अर्थात् माघशुक्ल पञ्चमीमा वसन्तपञ्चमी पर्व मनाइन्छ । यसै बेलादेखि एकातिर शिशिर ऋतुको जाडो सेलाउन थाल्छ भने उता प्रकृतिमा नयाँ छटा, नयाँ उमङ्ग देखा पर्न थाल्छ । हिउँदे बाली पनि लहलहाउन थाल्छन् । के मानिस, के पशुपन्छी सब प्राणीमा नयाँ जीवन सञ्चारको आभास अनुभव हुन थाल्छ । सर्वत्र वसन्त ऋतुको शुभ आगमनको हार्दिक स्वागत हुन थाल्छ । अनि वन उपवनमा बोटबिरुवा पल्लवित हुन थाल्छन् । कोकिलको पञ्चमस्वर पनि प्रतिध्वनित हुन थाल्छ । भवराहरूको गुन्जन गुन्जिन थाल्छ । मन्द पवनको सौरभ छरिन थाल्छ ।

सरस्वती देवीलाई महाविद्या, महावाणी, भारती, वाक्, शारदा, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, धीश्वरी आदि नामले सम्बोधन गरिन्छ । शास्त्रमा सरस्वती देवीको लक्षण श्वेत वस्त्र धारण गरेकी, गोरो वर्णकी, सदा मुस्कुराइरहेकी, सर्वोत्तम रत्नद्वारा निर्मित आभूषणले सुशोभित भएकी, एक हातमा वीणा, एकमा पुस्तक, एकमा स्फटिकको माला र अको एक हातमा अभय मुद्रामा रहेकी, चतुर्भुजा, राजहंस (सेतो हाँस) माथि सवार भएकी भनेर बताइएको छ । सरस्वती पूजाको दिन सबै शिक्षण संस्थामा शिक्षक एवं विद्यार्थीले सरस्वती माताको पूजा अर्चना गर्छन् । स्तोत्र-पाठ, पूजा गरी महत्वका साथ मनाउँछन् र सरस्वतीका मन्दिरमा गई दर्शनपूजन पनि गर्छन् । पुस्तक ज्ञान विज्ञानको प्रतीक हो भने वीणाले समस्त सङ्गीतको प्रतिनिधित्व गरेको छ । स्फटिक माला शब्द रूपमा परिभाषित हुने अक्षर ब्रह्मको प्रतीक हो भने अभय मुद्राको हातले समस्त लोकलाई अभयदान गर्छ । उहाँको वाहन हाँस (हंस) छ । पानी र दुध छुट्याउने भनेर हाँसलाई प्रतीक अर्थमा लिइएको छ । अनन्त, ज्ञान, गुण दिने विद्या पुस्तकमा नै लेखिएका हुन्छन् र जसको अध्ययन, मननले नै मानिस विद्वान् बन्छ । त्यसैले पुस्तकलाई सरस्वतीको रूपमा सम्मान र पूजा गरिँदै आइएको छ । अक्षररूपा सरस्वतीको ध्वनि रूप शब्द र शब्दको सञ्चयद्वारा बनेका वाक्यांश तथा वाक्यद्वारा प्राप्त हुने ज्ञान नै विद्या हो । विद्याले नै सामाजिक चेतना जागृत हुन्छ भन्ने भावना हामी सबैमा रहेको छ ।

## शुभसाइतको पर्व

महाशक्ति सरस्वती माताको कृपाले नै जीवनको सुरुवात हुने भएकाले हाम्रो धर्म संस्कृतिमा श्रीपञ्चमीलाई विशिष्ट पर्वको रूपमा मानी माता सरस्वतीप्रति उच्च सम्मान दिने गरेको पाइन्छ । बालबालिकाको नाक कान छेड्न चाहनेहरूले पनि यसै दिनलाई पर्खेको पाइन्छ । साना नानीहरूलाई अक्षरारम्भ गराउने प्रचलन पनि यही दिन गरिन्छ । शिशुहरूलाई अक्षर सिकाउन सुरु गरी ती कलिला शिशुहरूको हृदयमा ज्ञानको ज्योति बाली विद्या साधनाको जग बसालिन्छ । यसरी अक्षरारम्भ गरिने यस दिन सरस्वतीको मन्दिरमा गई भित्तामा ' नम वागीश्वराय' लेखाउने चलन पनि छ । काँक्रो, घिरौँला, करेला, चिचिण्डो, फर्सी, बोडी, खुर्सानी, सिमी आदि बीउबिजन यही दिनमा बिजारोपण गरिन्छ । जुनसुकै कार्य पनि निर्बाध रूपमा सुरुवात गर्न सकिने प्रावधान राखी ज्योतिषीय दृष्टिकोणले पनि साइत हेर्न नपर्ने यस दिनलाई एक दिव्य दिन मानिएको छ ।

## उपत्यकास्थित सरस्वती मन्दिर

काठमाडौँ उपत्यकाभित्र प्रशस्तै सरस्वतीका मन्दिर एवं मूर्ति छन् । तीमध्ये पशुपति देवपत्तनको जयवागीश्वरी मन्दिरलाई हामी पुरातन मान्न सक्छौँ । लाजिम्पाटकी साखुना सरस्वती, बल्खुकी सरस्वती, फर्पिङकी पङ्खी सरस्वती, चाँगुकी अपराजिता सरस्वती, लेलेका सरस्वती प्राचीन सरस्वती मुख्य स्थान हुन् भनिन्छ । लिच्छविकालमा नेपाल उपत्यकाको विद्या केन्द्र लेम्बटी भन्ने ठाउँमा थियो, जसलाई आजभोलि लेले भनिन्छ । लेलेमा सरस्वतीकुण्ड र ज्ञानकुण्ड नाउँका दुई कुण्ड छन् । शक संवत् ५२६ को शिलालेखमा लेले र सरस्वती कुण्डको बारेमा उल्लेख छ । त्यस हिसाबले लेले कुण्डले तीर्थको रूपमा ख्याति पाइसकेको बुझिन्छ । त्यहाँको कुण्डमा स्नान गर्ने र कुण्डको जल तीन पटक पिउनाले बोल्न नजान्नेको बोली फुट्ने, ........ (गोपबाट)


कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**बागवानी विकास केन्द्र**

जुफाल, डोल्पा

प.स.:-२०८२/०८३
च.न.:- ८१

आवश्यक कागजातहरु

१) संस्था दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२) कृषकको हकमा नागरिकताको प्रमाणपत्रको र स्थायी लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपि।
३) कृषि व्यवसाय गर्ने अनुसूची-३ अनुसारको निवेदन र प्रतिवद्धता।
४) सहकारीको हकमा गत आर्थिक वर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि, गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण।
५) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
६) निवेदन पेस गरेको व्यावसायको लागि अन्य कुनै पनि निकायबाट सहयोग नलिएको स्वःघोषणा पत्र।
७) अनुदानग्राहीले रुचिकृत निवेदन पेश गर्दा रु १ लाख देखि रु ५ लाख सम्म अनुदान माग गर्दा रु १०० /-(एक सय मात्र) र सो भन्दा माथिका अनुदान माग गरेमा रु ५००/-(पाँच सय मात्र) तपसिल उल्लेखित बैंक खातामा बुझाई जम्मा गरेको भौचर निवेदन साथ यस कार्यालयमा पेश गर्नु पर्ने छ।

तपसिल

Name of the Bank : Nepal Bank Limited, Dunai, Dolpa.
Name of Office : Horticulture Development Center,Juphal,Dolpa
Office Code no : 3120161036
Office Account no : 27502000001001000001 (Rajaswa Khata)
Revenue Head no : 14229

८) पुनश्च अन्य कागजात तथा प्रक्रिया कृषि सम्बन्धि कार्यक्रम(संचालन तथा व्यवस्थापन) कार्यविधि , २०८२ वमोजिम हुनेछ।

नि.केन्द्र प्रमुख

"व्यावसायिक र सिर्जनशील प्रशासन :विकास समृद्धि र सुशासन"
Email: hdedolpa@gmail.com
Cont. No.: 087-551046 office 087551076